केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/०५/०८१/८२

मितिः २०८१/०६/२२

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(गुरु प्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

## यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा संशोधन/परिमार्जन/थप

| क्र.सं | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १ | इ.प्रा. निर्देशन नं. २/०८० को बुँदा नं. ४ को उपबुँदा नं. (१) मा संशोधन । | १) किस्ताबन्दीमा प्रवाह गरिएका आवधिक कर्जा (Term Loan) को हकमा साँवाको किस्ताले भाखा नाघेमा सम्पूर्ण वक्यौता कर्जा रकमलाई नै किस्ता रकमको भाखा नाघेको अवधिको आधारमा वर्गीकरण गर्नु पर्नेछ । | १) किस्ताबन्दीमा प्रवाह गरिएका आवधिक कर्जा (Term Loan) को हकमा **किस्ताले** भाखा नाघेमा सम्पूर्ण वक्यौता कर्जा रकमलाई नै किस्ता रकमको भाखा नाघेको अवधिको आधारमा वर्गीकरण गर्नु पर्नेछ । |
| २ | इ.प्रा. निर्देशन नं २/०८० को बुँदा नं. ५ को (ग) मा संशोधन । | (ग) कुनै व्यक्तिलाई सुनचाँदी धितो कर्जा प्रवाह गर्दा त्यस्तो ऋणीले धितोस्वरुप दिएको सुन वा चाँदी जाँच गरी कर्जा सुरक्षित रहेको यकिन गरेर मात्र कर्जा प्रवाह गर्नु पर्नेछ । यसरी कर्जा प्रवाह गर्दा ऋणीले धितो स्वरुपदिएको सुन वा चाँदी एउटै थैलीमा राखिएको हुनुपर्नेछ । कथंकदाचित् कुनै ऋणीले दिएको एकभन्दा बढी थैलीहरु वा एकभन्दा बढी थैलीहरु राखिएको एउटा थैलीमात्र धितो राखी वा सुनचाँदीको परीक्षण जाँच नगरी सुनचाँदी धितो कर्जा प्रवाह भएमा त्यस्तो कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ । | (ग) कुनै व्यक्तिलाई सुनचाँदी धितो कर्जा प्रवाह गर्दा त्यस्तो ऋणीले धितोस्वरुप दिएको सुन वा चाँदी जाँच गरी कर्जा सुरक्षित रहेको यकिन गरेर मात्र कर्जा प्रवाह गर्नु पर्नेछ । यसरी कर्जा प्रवाह गर्दा ऋणीले धितोस्वरुप दिएको सुन वा चाँदी एउटै थैलीमा राखिएको हुनुपर्नेछ । कथंकदाचित् कुनै ऋणीले दिएको एकभन्दा बढी थैलीहरु वा एकभन्दा बढी थैलीहरु राखिएको एउटा थैलीमात्र धितो राखी वा सुनचाँदीको परीक्षण जाँच नगरी सुनचाँदी धितो कर्जा प्रवाह भएमा त्यस्तो कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ । **यस प्रकारको सुनचाँदी धितो कर्जाको एकल ग्राहक कर्जा सीमा रु. ५० लाख कायम गरिएको छ । यस अघि प्रवाह भएको कर्जाको हकमा २०८३ असार मसान्तसम्म एकल ग्राहक कर्जा सीमा कायम गरी सक्नुपर्नेछ ।** |
| ३ | इ.प्रा. निर्देशन नं. २/०८० को बुँदा नं. ७ (ख) मा संशोधन । | (ख) एक पटक तय गरिएको ग्रेस अवधि थप गरेमा त्यस्तो कर्जालाई पुनरसंरचना/पुनरतालिकीकरण गरेको मानिने र सोही बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ । तर, विद्युत परियोजनाहरुको परिवर्तित Required Commercial Operation Date बमोजिम ग्रेस अवधि थप भएमा पुनरसंरचना/पुनरतालिकीकरण गरेको मानिने छैन ।<br>प्रष्टीकरण: ग्रेस अवधि भन्नाले कर्जा प्रवाह शुरु भएको मितिदेखि कर्जाको किस्ता भुक्तानी गर्न शुरु हुने मिति बुझ्नु पर्नेछ । | (ख) एक पटक तय गरिएको ग्रेस अवधि थप गरेमा त्यस्तो कर्जालाई पुनरसंरचना/पुनरतालिकीकरण गरेको मानिने र सोही बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ ।<br>तर, विद्युत परियोजनाहरुको परिवर्तित Required Commercial Operation Date बमोजिम **वा जलविद्युत आयोजना सम्पन्न भई उत्पादन प्रारम्भ गरेतापनि पूर्ण क्षमताको प्रसारण लाईन निर्माण नभएका कारण पूर्ण क्षमतामा संचालनमा आउन नसकेका कारण ग्रेस अवधि थप भएमा पुनरसंरचना/पुनरतालिकीकरण गरेको मानिने छैन ।**<br>प्रष्टीकरण: ग्रेस अवधि भन्नाले कर्जा प्रवाह शुरु भएको मितिदेखि कर्जाको किस्ता भुक्तानी गर्न शुरु हुने मिति बुझ्नु पर्नेछ । |
| ४ | इ.प्रा. निर्देशन नं. २/०८० को बुँदा नं. ८ को उपबुँदा (७) को (३) मा संशोधन । | (३) उपर्युक्त बमोजिम पुनरतालिकीकरण/पुनरसंरचना गरिएका कर्जाहरुलाई असल वर्गमा वर्गीकरण गरी १.३ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ । | (३) उपर्युक्त बमोजिम पुनरतालिकीकरण/पुनरसंरचना गरिएका कर्जाहरुलाई असल वर्गमा वर्गीकरण गरी **१.१ प्रतिशत** कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ । |

**यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख”, “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा संशोधन/परिमार्जन/थप**

| | | | |
|---|---|---|---|
| ५ | इ.प्रा. निर्देशन नं २/०८० को बुँदा नं. १० को खण्ड (ङ) मा संशोधन । | (ङ) सुपरिवेक्षणको क्रममा देखिएका कैफियतहरु इजाजतपत्र प्राप्त संस्थाले सुधार गरेको अवस्थामा विभाग विश्वस्त भएमा । | (ङ) सुपरिवेक्षणको क्रममा देखिएका कैफियतहरु इजाजतपत्रप्राप्त संस्थाले सुधार गरेको अवस्थामा **सम्बन्धित** सुपरिवेक्षण विभाग विश्वस्त भएमा । |
| ६ | इ.प्रा.निर्देशन नं. २/०८० को बुँदा नं. १७ को (क) को ३ मा संशोधन । | (३) सेयरको बजार मूल्यमा हुने परिवर्तनको कारणले शेयर धितो सुरक्षणको मूल्यमा कमी आएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले सोको मूल्य अनुगमन गरी थप धितोको लागि ऋणी ग्राहकलाई सूचित गर्नु पर्नेछ । Margin Call गर्दा उक्त सेयरमा प्राप्त हुने यकिन भएको हकप्रद र बोनस शेयरहरु सूचीकरण नभएको अवस्थामा समेत धितोमा राखिएको सेयर संख्यामा गणना गर्न सकिनेछ । | (३) सेयरको बजार मूल्यमा हुने परिवर्तनको कारणले शेयर धितो सुरक्षणको मूल्यमा कमी आएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले सोको मूल्य अनुगमन गरी थप धितोको लागि ऋणी ग्राहकलाई सूचित गर्नु पर्नेछ । **इजाजतपत्रप्राप्त संस्थाले Margin Call गर्ने तथा थप सुरक्षण नराखेमा सेयर विक्री गरी असुलउपर गर्ने सम्बन्धी व्यवस्था स्पष्ट रुपमा सम्बन्धित प्रोडक्ट पेपरमा उल्लेख गर्नुपर्नेछ ।** Margin Call गर्दा उक्त सेयरमा प्राप्त हुने यकिन भएको हकप्रद र बोनस शेयरहरु सूचीकरण नभएको अवस्थामा समेत धितोमा राखिएको सेयर संख्यामा गणना गर्न सकिनेछ । |
| ७ | इ.प्रा. निर्देशन नं २/०८० को बुँदा नं. ३८ मा संशोधन । | ३८. बैंक तथा वित्तीय संस्थाले ब्याज आम्दानीको लेखांकन गर्दा यस बैंकबाट जारी भएको Guideline on Recognition of Interest Income, 2019 बमोजिम गर्नु पर्नेछ । | ३८. बैंक तथा वित्तीय संस्थाले ब्याज आम्दानीको लेखांकन गर्दा यस बैंकबाट जारी भएको **NFRS 9- Expected Credit Loss Related Guidelines, 2024** बमोजिम गर्नु पर्नेछ । |
| ८ | इ.प्रा. निर्देशन नं. २/०८० को बुँदा नं. ३९ को (५) मा संशोधन । | (५) महामारीजन्य रोगको उपचारको लागि नेपाल सरकारबाट मान्यता प्राप्त खोप उत्पादन गर्ने उद्योग स्थापना गर्ने प्रयोजनको लागि कर्जा माग भएमा बैंक तथा वित्तीय संस्थाहरुले व्यावसायीक योजना मूल्यांकन गरी आधार दरमा कर्जा उपलब्ध गराउनु पर्नेछ । | (५) महामारीजन्य रोगको उपचारको लागि नेपाल सरकारबाट मान्यता प्राप्त खोप उत्पादन गर्ने उद्योग **तथा बायोलोजिकल्स सम्बन्धी** उद्योग स्थापना गर्ने प्रयोजनको लागि कर्जा माग भएमा बैंक तथा वित्तीय संस्थाहरुले व्यावसायिक योजना मूल्यांकन गरी आधार दरमा कर्जा उपलब्ध गराउनु पर्नेछ । |
| ९ | इ.प्रा. निर्देशन नं. ३/०८० को बुँदा नं. ६ मा संशोधन । | ६. संयुक्त लगानीमा सञ्चालनमा आएका बैंक तथा वित्तीय संस्थाहरुको संयुक्त लगानीकर्ता बैंक तथा वित्तीय संस्थाहरुको ग्यारेण्टी तथा काउण्टर ग्यारेण्टीमा कर्जा तथा सुविधा प्रदान गर्न कुनै बाधा पर्नेछैन । तर, यसरी प्रदान गरिएको कर्जामा एकल ग्राहक कर्जा सीमाको व्यवस्था भने लागू हुनेछ । त्यस्ता संयुक्त लगानीकर्ता बैंक तथा वित्तीय संस्था अन्तर्राष्ट्रिय श्रेणीकृत (Rated) बैंक भएमा माथि बुँदा नं ४ को (क) मा उल्लेख भए बमोजिम कै व्यवस्था लागू हुनेछ । | ६. संयुक्त लगानीमा सञ्चालनमा आएका बैंक तथा वित्तीय संस्थाहरुको संयुक्त लगानीकर्ता बैंक तथा वित्तीय संस्थाहरुको ग्यारेण्टी तथा काउण्टर ग्यारेण्टीमा कर्जा तथा सुविधा प्रदान गर्न कुनै बाधा पर्नेछैन । तर, यसरी प्रदान गरिएको कर्जामा एकल ग्राहक कर्जा सीमाको व्यवस्था भने लागू हुनेछ । त्यस्ता संयुक्त लगानीकर्ता बैंक तथा वित्तीय संस्था अन्तर्राष्ट्रिय श्रेणीकृत (Rated) बैंक भएमा माथि **बुँदा नं ५ को (क)** मा उल्लेख भए बमोजिम कै व्यवस्था लागू हुनेछ । |

## यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख”, “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा संशोधन/परिमार्जन/थप

| | | | |
|---|---|---|---|
| १० | इ.प्रा. निर्देशन नं. ४/०८० मा बुँदा नं. ३ थप गरी क्रमसंख्या मिलान गरिएको । | हाल नरहेको | **३. बैंक तथा वित्तीय संस्थाले कर्मचारी दायित्वको बीमांकिय मूल्यांकन (Actuarial Valuation) गराउँदा नेपाल वित्तीय प्रतिवेदन मान (NFRSs) को प्रावधान अनुरुप विगतको तथ्याङ्कमा आधारित रही यर्थाथपरक अनुमानहरु (Assumption) लिई मूल्यांकन गराउनु पर्नेछ । साथै, आन्तरिक लेखापरिक्षणबाट त्यस्तो तथ्याङ्क तथा अनुमानहरु प्रमाणित गरे पश्चात मात्र बीमांकिय मूल्यांकन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।** |
| ११ | इ.प्रा. निर्देशन नं. ४/०८० को बुँदा नं. ३ मा खण्ड (ख) को (अ)(१) मा संशोधन । | (१) इजाजतपत्रप्राप्त संस्थाको लेखानीति बमोजिम लेखाङ्कन गरिएको कर्जाको ब्याज आम्दानीमध्ये यस बैंकको निर्देशन बमोजिम प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने ब्याज आम्दानीमध्ये आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्राप्त भएको ब्याज रकम बाहेकका अन्य प्राप्त हुन बाँकी ब्याज आम्दानी बराबरको रकममा प्रचलित नियमानुसारको आयकर तथा कर्मचारी बोनस कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) लाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । उक्त ब्याज रकम प्राप्त हुन आएमा नियमनकारी कोषबाट सञ्चित मुनाफा (Retained Earning) मा फिर्ता गर्न सकिनेछ । | (१) इजाजतपत्रप्राप्त संस्थाको लेखानीति बमोजिम लेखाङ्कन गरिएको कर्जाको ब्याज आम्दानीमध्ये यस बैंकको निर्देशन बमोजिम प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने ब्याज आम्दानीमध्ये आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्राप्त भएको ब्याज रकम बाहेकका अन्य प्राप्त हुन बाँकी ब्याज आम्दानी बराबरको रकममा प्रचलित **व्यवस्थाअनुसारको** आयकर, कर्मचारी बोनस तथा **बैधानिक कोष (साधारण जगेडा कोष र संस्थागत सामाजिक उत्तरदायित्व कोष) मा जम्मा गरेको रकम** कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । उक्त ब्याज रकम प्राप्त हुन आएमा नियमनकारी कोषबाट सञ्चित मुनाफा (Retained Earning) मा फिर्ता गर्न सकिनेछ । |
| १२ | इ.प्रा. निर्देशन नं. ४/०८० को बुँदा ३ मा खण्ड (ख) को (अ)(२) मा संशोधन । | (२) बैंक तथा वित्तीय संस्थाले यो निर्देशन जारी भएको मिति २०७९/१०/२६ पश्चात स्वीकृत हुने तथा Financial Closure हुने कर्जाको ब्याज पूँजीकरणको लेखांकन सम्बन्धमा देहायबमोजिम गर्नुपर्नेछ :<br>प्रोदभावी आधार (Accrual Basis) मा लेखांकन गरिएको ग्रेस अवधि /Moratorium Period को ब्याजलाई पुँजीकरण गर्दा पुँजीकृत ब्याज रकमलाई Interest Capitalized Term Loan (ICTL) शीर्षकमा छुट्टै लेखांकन गर्नु पर्नेछ ।<br>ICTL मा लेखांकन भएको पुँजीकृत ब्याज बराबरको रकममा प्रचलित नियमानुसारको आयकर तथा कर्मचारी बोनस कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) खर्च गरी Interest Capitalized Reserve (ICR) खातामा लेखांकन गर्नु पर्नेछ । यसरी लेखांकन भएको Interest Capitalized Reserve (ICR) लाई नियमनकारी कोष (Regulatory Reserve) अन्तर्गत | (२) बैंक तथा वित्तीय संस्थाले यो निर्देशन जारी भएको मिति २०७९/१०/२६ पश्चात स्वीकृत हुने तथा Financial Closure हुने कर्जाको ब्याज पूँजीकरणको लेखांकन सम्बन्धमा देहायबमोजिम गर्नुपर्नेछ :<br>प्रोदभावी आधार (Accrual Basis) मा लेखांकन गरिएको ग्रेस अवधि /Moratorium Period को ब्याजलाई पुँजीकरण गर्दा पुँजीकृत ब्याज रकमलाई Interest Capitalized Term Loan (ICTL) शीर्षकमा छुट्टै लेखांकन गर्नु पर्नेछ ।<br>ICTL मा लेखांकन भएको पुँजीकृत ब्याज बराबरको रकममा प्रचलित **व्यवस्थाअनुसारको रकम** कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) खर्च गरी Interest Capitalized Reserve (ICR) खातामा लेखांकन गर्नु पर्नेछ । यसरी लेखांकन भएको Interest Capitalized Reserve (ICR) लाई नियमनकारी कोष (Regulatory Reserve) अन्तर्गत राख्नुपर्नेछ । ICTL मा लेखांकन भएको पुँजीकृत |

| | | | |
|---|---|---|---|
| | | राख्नुपर्नेछ । ICTL मा लेखांकन भएको पुँजीकृत ब्याज रकम प्राप्त भएपश्चात उक्त रकमलाई ICR बाट घटाई संचित मुनाफा हिसाबमा सार्दै लानुपर्दछ । तर, ब्याज पुँजीकरण गरिएको परियोजना व्यावसायिक रुपमा सञ्चालनमा आएको अवस्थामा ICTL मा रहेको सम्पूर्ण रकमलाई ICR बाट घटाई संचित मुनाफा हिसाबमा सार्न सकिनेछ । | ब्याज रकम प्राप्त भएपश्चात उक्त रकमलाई ICR बाट घटाई संचित मुनाफा हिसाबमा सार्दै लानुपर्दछ ।<br>तर, **ब्याज पुंजीकरण गरिएका ५० मेगावाट वा सो भन्दा बढी क्षमताको जलविद्युत परियोजनाको हकमा भने उक्त परियोजनाको निर्माण कार्य ६० प्रतिशत सम्पन्न भएको प्रमाणित भएको अवस्थामा ICTL मा रहेको रकमलाई ICR बाट घटाई संचित मुनाफा हिसाबमा सार्न सकिनेछ । साथै** ब्याज पुँजीकरण गरिएका **अन्य परियोजनाको हकमा** व्यावसायिक रुपमा सञ्चालनमा आएको अवस्थामा ICTL मा रहेको सम्पूर्ण रकमलाई ICR बाट घटाई संचित मुनाफा हिसाबमा सार्न सकिनेछ । |
| १३ | इ.प्रा. निर्देशन नं. ४/०८० को बुँदा नं. ३ मा खण्ड (ख)((ई) मा संशोधन । | (ई) आफ्नो लेखानीति बमोजिम लेखाङ्कन गरिएको गैर बैकिङ्ग सम्पत्तिको कुल रकममा प्रचलित नियमानुसारको आयकर तथा कर्मचारी बोनस कट्टा गरी बाँकी रकमलाई गैर बैकिङ्ग सम्पत्ति सकार गर्दाको वर्षमा सञ्चित मुनाफा खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । यस्ता रकम गैर बैकिङ्ग सम्पत्ति बिक्री भएको वर्षमा वा स्वप्रयोजनका लागि प्रयोग गरेको वर्षमा नियमनकारी कोषबाट सञ्चित मुनाफा खातामा फिर्ता गर्न सकिनेछ । | (ई) आफ्नो लेखानीति बमोजिम लेखाङ्कन गरिएको गैर बैकिङ्ग सम्पत्तिको कुल रकममा प्रचलित **व्यवस्थाअनुसारको** आयकर, कर्मचारी बोनस तथा **बैधानिक कोष (साधारण जगेडा कोष र संस्थागत सामाजिक उत्तरदायित्व कोष) मा जम्मा गरेको रकम** कट्टा गरी बाँकी रकमलाई गैर बैकिङ्ग सम्पत्ति सकार गर्दाको वर्षमा सञ्चित मुनाफा खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । यस्तो रकम गैर बैकिङ्ग सम्पत्ति बिक्री भएको वर्षमा वा स्वप्रयोजनका लागि प्रयोग गरेको वर्षमा नियमनकारी कोषबाट सञ्चित मुनाफा खातामा फिर्ता गर्न सकिनेछ । |
| १४ | इ.प्रा. निर्देशन नं. ४/०८० को बुँदा नं. ३ मा खण्ड (ख) को (ऊ) हटाइएको । | (ऊ) वित्तीय विवरणको सञ्चित मुनाफा र/वा अन्य वितरण योग्य मुनाफा संग सम्बन्धित खुद स्थगन कर सम्पत्ति बराबरको रकम सञ्चित मुनाफा खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । स्थगन करको पुन गणना गर्दा स्थगन कर सम्पत्तिको मूल्य (Carrying Amount) मा कमी आएको वर्षमा कमी आएको बराबरको रकम नियमनकारी कोषबाट सञ्चित मुनाफा खातामा फिर्ता गर्न सकिनेछ । | **हटाइएको ।** |
| १५ | इ.प्रा. निर्देशन नं. ५/०८० को बुँदा नं. ६ को उपबुँदा ७ (ख) मा संशोधन । | (ख) मासिक औसत आधारमा त्यस्तो अनुपात नाघेमा सम्बन्धित सुपरिवेक्षण विभाग मार्फत हर्जाना लगाइनेछ । | (ख) मासिक औसत आधारमा त्यस्तो अनुपात नाघेमा सम्बन्धित सुपरिवेक्षण विभाग मार्फत **प्रचलित बैंक दरको आधारमा** हर्जाना लगाइनेछ । |

**यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा संशोधन/परिमार्जन/थप**

| | | | |
|---|---|---|---|
| १६ | इ.प्रा. निर्देशन नं. ५/०८० को बुँदा नं. ११ मा संशोधन। | **११. जोखिम व्यवस्थापन सम्बन्धी मार्गदर्शन**<br>यस बैंकबाट "क" वर्गका वाणिज्य बैंकहरुको जोखिम व्यवस्थापनलाई सबल बनाउन जारी गरिएको जोखिम व्यवस्थापन सम्बन्धी मार्गदर्शन (Risk Management Guidelines) लागू गरिएकोले उक्त मार्गदर्शनलाई समेत आधारको रुपमा लिनु पर्नेछ। | **११. जोखिम व्यवस्थापन सम्बन्धी मार्गदर्शन**<br>**इजाजतपत्रप्राप्त संस्थाको** जोखिम व्यवस्थापनलाई सबल बनाउन यस बैंकबाट जारी गरिएको जोखिम व्यवस्थापन सम्बन्धी मार्गदर्शन (Risk Management Guidelines) लाई समेत आधारको रुपमा लिनु पर्नेछ। |
| १७ | इ.प्रा.निर्देशन नं. ६/०८० को बुँदा नं. १ को (३) मा संशोधन। | (३) एकभन्दा बढी इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक, सल्लाहकार वा कार्यकारी अधिकार प्रयोग गर्ने अन्य कुनै पदमा रहन नपाइने<br>एउटा संस्थामा सञ्चालक रहेको व्यक्ति एकैपटक अर्को इजाजतपत्रप्राप्त/अनुमतिप्राप्त/स्वीकृतिप्राप्त संस्था लगायत सहकारी ऐन, २०४८ अन्तर्गत संचालित बचत तथा ऋण सहकारी संस्था तथा बीमा सम्बन्धी व्यवसाय सञ्चालन गर्ने संगठित संस्था समेतको सञ्चालक, सल्लाहकार वा कुनै पनि पदमा रहन पाइने छैन। | (३) एकभन्दा बढी इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक, सल्लाहकार वा कार्यकारी अधिकार प्रयोग गर्ने अन्य कुनै पदमा रहन नपाइने<br>एउटा संस्थामा सञ्चालक रहेको व्यक्ति एकैपटक अर्को इजाजतपत्रप्राप्त/अनुमतिप्राप्त/स्वीकृतिप्राप्त संस्था लगायत **सहकारी ऐन, २०७४** अन्तर्गत संचालित बचत तथा ऋण सहकारी संस्था तथा बीमा सम्बन्धी व्यवसाय सञ्चालन गर्ने संगठित संस्था समेतको सञ्चालक, सल्लाहकार वा कुनै पनि पदमा रहन पाइने छैन। |
| १८ | इ.प्रा.निर्देशन नं. ६/०८० को बुँदा नं. ८ मा उपबुँदा (ख) मा संशोधन। | (ख) देहायका अवस्थामा इजाजतपत्रप्राप्त संस्थाका संस्थापक समूह, सेयरधनी, लेखापरीक्षक, कानुनी सल्लाहकार तथा कर्मचारीलाई कर्जा तथा गैरकोषमा आधारित सुविधा प्रदान गर्न बन्देज गरिएको छ :-<br>(१) संस्थापक समूहका सेयरधनी वा चुक्ता पुँजीको कुल सेयरको एक प्रतिशतभन्दा बढी सेयर लिएका सेयरधनी तथा निजका परिवारका सदस्य र कर्मचारीलाई,<br>(२) संस्थापक समूहका सेयरधनी, एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएका व्यक्ति/फर्म/कम्पनी/संस्था, कार्यकारी प्रमुख, बहालवाला लेखापरीक्षक, कानुनी सल्लाहकार तथा कर्मचारी वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा त्यस्ता व्यक्तिका वित्तीय स्वार्थ भएका फर्म, कम्पनी, संस्था वा सञ्चालक मनोनित वा नियुक्ति गर्ने अधिकार पाएका फर्म, कम्पनी वा संस्थालाई , | (ख) देहायका अवस्थामा इजाजतपत्रप्राप्त संस्थाका संस्थापक समूह, सेयरधनी, लेखापरीक्षक, कानुनी सल्लाहकार तथा कर्मचारीलाई कर्जा तथा गैरकोषमा आधारित सुविधा प्रदान गर्न बन्देज गरिएको छ :-<br>(१) **चुक्ता पुँजीको ०.५ प्रतिशत भन्दा बढी सेयर लिएका** संस्थापक समूहका सेयरधनी वा चुक्ता पुँजीको एकप्रतिशतभन्दा बढी सेयर लिएका सेयरधनी तथा निजका परिवारका सदस्य र कर्मचारीलाई,<br>(२) **चुक्ता पुँजीको ०.५ प्रतिशत भन्दा बढी सेयर लिएका** संस्थापक समूहका सेयरधनी, **चुक्ता पुँजीको** एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएका व्यक्ति/फर्म/कम्पनी/संस्था, कार्यकारी प्रमुख, बहालवाला लेखापरीक्षक, कानुनी सल्लाहकार तथा कर्मचारी वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा त्यस्ता व्यक्तिका वित्तीय स्वार्थ भएका फर्म, कम्पनी, संस्था वा सञ्चालक मनोनित वा नियुक्ति गर्ने अधिकार पाएका फर्म, कम्पनी वा संस्थालाई, |

| | | | |
|---|---|---|---|
| | | तर, विगतमा कुल चुक्ता पुंजीको एक प्रतिशत भन्दा कम सेयर धारण गरेका इजाजतपत्रप्राप्त संस्थाका संस्थापक समूहका सेयरधनीलाई प्रदान भएको कर्जा तथा गैर कोषमा आधारित सुविधाको विस्तृत विवरण वार्षिक वित्तीय विवरणमा खुलाउनु पर्नेछ ।<br>(३) चुक्ता पुँजीको एक प्रतिशतभन्दा बढी सेयर लिएको सेयरधनी र इजाजतपत्रप्राप्त संस्थाका कर्मचारी साझेदार भएको वा जमानत बसेको वा अन्य किसिमको वित्तीय स्वार्थ भएको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई,<br>(४) यस बैंकले निर्देशन दिएकोमा बाहेक एक प्रतिशत भन्दा बढी सेयर धारण गरेका सेयरधनी र कर्मचारीले १० प्रतिशतभन्दा बढी सेयर लिई मताधिकार लिएको फर्म, कम्पनी वा संस्थालाई, | (३) चुक्ता पुँजीको एक प्रतिशतभन्दा बढी सेयर लिएको सेयरधनी र इजाजतपत्रप्राप्त संस्थाका कर्मचारी साझेदार भएको वा जमानत बसेको वा अन्य किसिमको वित्तीय स्वार्थ भएको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई,<br>(४) यस बैंकले निर्देशन दिएकोमा बाहेक एक प्रतिशत भन्दा बढी सेयर धारण गरेका सेयरधनी र कर्मचारीले १० प्रतिशतभन्दा बढी सेयर लिई मताधिकार लिएको फर्म, कम्पनी वा संस्थालाई, |
| १९ | इ.प्रा.निर्देशन नं. ६/०८० को बुँदा ८ मा उपबुँदा (ग) मा संशोधन । | (ग) इजाजतपत्रप्राप्त संस्थाका संस्थापक समूहका सेयरधनी, सञ्चालक, कार्यकारी प्रमुख र निजको परिवारका सदस्यहरुको स्वामित्वमा रहेको सम्पत्तिको धितोमा सोही संस्थाबाट धितो राखी कर्जा प्रवाह गर्न पाइने छैन । | (ग) इजाजतपत्रप्राप्त संस्थाको **चुक्ता पुँजीको ०.५ प्रतिशतभन्दा बढी सेयर लिएका** संस्थापक समूहका सेयरधनी, **एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएका सेयरधनी,** सञ्चालक, कार्यकारी प्रमुख र निजको परिवारका सदस्यहरुको स्वामित्वमा रहेको सम्पत्तिको धितोमा सोही संस्थाबाट धितो राखी कर्जा प्रवाह गर्न पाइने छैन । |
| २० | इ.प्रा. निर्देशन नं. ६/०८० को बुँदा नं. ८ को (ज) मा संशोधन । | **८. कर्जा प्रदान गर्न बन्देज सम्बन्धी व्यवस्थाः**<br>(ज) शत प्रतिशत नगद मार्जिनमा जमानत जारी गर्न, इजाजतपत्र प्राप्त संस्थाको आफ्नै मुद्दती रसिद तथा नेपाल सरकार र नेपाल राष्ट्र बैंक ऋणपत्रको धितोमा कर्जा प्रदान गर्न यस खण्डमा भएको कुनै पनि व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन । | **८. कर्जा प्रदान गर्न बन्देज सम्बन्धी व्यवस्थाः**<br>(ज) शत प्रतिशत नगद मार्जिनमा जमानत जारी गर्न, **सम्बन्धित संस्थाले तोकेको सीमासम्मको Credit Card सुविधा प्रदान गर्न**, इजाजतपत्र प्राप्त संस्थाको आफ्नै मुद्दती रसिद तथा नेपाल सरकार र नेपाल राष्ट्र बैंक ऋणपत्रको धितोमा कर्जा प्रदान गर्न यस खण्डमा भएको कुनै पनि व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन । |
| २१ | इ.प्रा.निर्देशन नं. ६/०८० मा बुँदा १५ थप गरी क्रमसंख्या मिलान गरिएको । | हाल नरहेको | **(१५) चुक्ता पुँजीको ०.५ प्रतिशत भन्दा बढी सेयरधारण गरेका सेयरधनीहरुको विवरण इजाजतपत्रप्राप्त संस्थाले अर्धवार्षिक रुपमा सम्बन्धित सुपरिवेक्षण विभागसमक्ष पेश गर्नुपर्नेछ ।** |

**यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख”, “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा संशोधन/परिमार्जन/थप**

| | | | |
|---|---|---|---|
| २२ | इ.प्रा. निर्देशन नं. १४ /०८० को बुँदा नं. ३ (क) मा संशोधन । | (क) नेपाल राष्ट्र बैंक खुलेको दिन तथा यस बैंकको बैंकिङ्ग कार्यालयले बैंकिङ्ग कारोवार गर्ने समयसम्म इजाजतपत्रप्राप्त संस्थाहरुले अनिवार्य रुपमा आफ्नो कार्यालय खोली बैंकिङ्ग कारोवार सञ्चालन गर्नु पर्नेछ । तर, इजाजतपत्रप्राप्त संस्थाहरुले नेपाल राष्ट्र बैंक खुलेको दिन र समयका अतिरिक्त समय तथा अन्य विदाका दिन र समयमा आफ्नो कारोबार सञ्चालन गर्ने भएमा यस बैकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा लिखित रुपमा पूर्व जानकारी दिई कारोबार सञ्चालन गर्न सक्ने छन् । | (क) नेपाल राष्ट्र बैंक खुलेको दिन तथा यस बैंकको बैंकिङ्ग कार्यालयले बैंकिङ्ग कारोवार गर्ने समयसम्म इजाजतपत्रप्राप्त संस्थाहरुले अनिवार्य रुपमा आफ्नो कार्यालय खोली बैंकिङ्ग कारोवार सञ्चालन गर्नु पर्नेछ । तर, इजाजतपत्रप्राप्त संस्थाहरुले नेपाल राष्ट्र बैंक खुलेको दिन र समयका अतिरिक्त समय तथा अन्य विदाका दिन र समयमा आफ्नो कारोबार सञ्चालन गरेमा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा लिखित रुपमा जानकारी दिनुपर्नेछ । |
| २३ | इ.प्रा.निर्देशन नं. १७ /०८० को बुँदा नं. ४ को खण्ड (क) मा संशोधन । | (क) विपन्न वर्गमा कर्जा प्रवाह गर्ने शर्तमा यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त संस्थाहरुलाई संस्थागत क्षमता तथा संस्थागत जमानीमा प्रवाह गरेको आवधिक प्रकृतिको थोक कर्जा । | (क) विपन्न वर्गमा कर्जा प्रवाह गर्ने शर्तमा यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त संस्थाहरुलाई संस्थागत क्षमता तथा संस्थागत जमानीमा प्रवाह गरेको आवधिक प्रकृतिको थोक कर्जा ।<br>**तर यस व्यवस्थाबमोजिम कुनै इजाजतपत्रप्राप्त संस्थाले कुनै एक “घ” वर्गको इजाजतपत्रप्राप्त संस्थामा आफुले प्रवाह गरेको उपरोक्तबमोजिमको कुल थोक कर्जाको अधिकतम ४० प्रतिशतसम्म मात्र थोक कर्जा प्रवाह गर्न सक्नेछ ।** |
| २४ | इ.प्रा. निर्देशन नं. २०/०८० को बुँदा नं. ३ मा (ग) र (घ) थप गरिएको । | हाल नरहेको | **(ग) इजाजतपत्रप्राप्त संस्थाले सूचनाको हकसम्बन्धी ऐन २०६४ बमोजिम माग भएको सूचना उपलब्ध गराउन तथा सो ऐनमा भएका अन्य व्यवस्था कार्यान्वयनका लागि सूचना अधिकारी तोक्नुपर्नेछ र कानून बमोजिम माग गरिएको सूचनाको अभिलेख राख्नुपर्नेछ । साथै सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) बमोजिमको सूचना प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ ।**<br><br>**(घ) इजाजतपत्रप्राप्त संस्थाले सूचनाको हकसम्बन्धी ऐन २०६४ बमोजिम माग भएको सूचना उपलब्ध गराउन तथा सो ऐनमा भएका अन्य व्यवस्था कार्यान्वयनका लागि आफ्नो प्रदेश कार्यालय र शाखा कार्यालयहरुमा समेत सूचना अधिकारी तोक्नुपर्नेछ । यसरी कानून बमोजिम प्रदेश कार्यालय र शाखा कार्यालयहरुबाट माग गरिएको सूचनाको अभिलेख राख्नुपर्नेछ । साथै सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को** |

## यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा संशोधन/परिमार्जन/थप

| | | | |
|---|---|---|---|
| | | | **उपदफा (३) बमोजिमको सूचना प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ ।** |
| २५ | इ.प्रा. निर्देशन नं. २०/०८० को बुँदा नं. ८ को खण्ड (ख) को अ (ग) थप गरिएको । | हाल नरहेको | **(ग) इजाजतपत्रप्राप्त संस्थाले स्थिर ब्याजदरमा प्रवाहित कर्जाको हकमा कर्जा प्रवाह भएको २ वर्षभित्र तथा ग्रेस अवधि प्रदान गरी प्रवाह गरेको परियोजना कर्जाको हकमा परियोजना संचालनमा आएको २ बर्षसम्म कर्जाको अग्रिम भुक्तानी वा कर्जा स्वाप भएको अवस्थामा यस व्यवस्थाको खण्ड (क) मा उल्लिखित शुल्कका अतिरिक्त थप १ प्रतिशत अग्रिम भुक्तानी शुल्क वा कर्जा स्वाप शुल्क लिन बाधा पुगेको मनिने छैन ।** |
| २६ | इ.प्रा. निर्देशन नं. २१/०८० को बुँदा नं. ९. थप गरी क्रमसंख्या मिलान गरिएको । | हाल नरहेको | **९. स्थायी निक्षेप सुविधा (SDF) सम्बन्धमा:**<br>**इजाजतपत्रप्राप्त संस्थालाई खुला बजार कारोबार नियमावली र सोसम्बन्धी कार्यविधिको शर्त तथा मापदण्डका आधारमा यस बैंकले स्थायी निक्षेप सुविधा उपलब्ध गराउन सक्नेछ ।** |
| २७ | इ.प्रा निर्देशन नं. २१/०८० को बुँदा नं. १०. थप गरी क्रमसंख्या मिलान गरिएको । | हाल नरहेको | **१०. काउण्टरपार्टीको योग्यता सम्बन्धमा:**<br>**खुला बजार कारोबारमा सहभागी काउण्टरपार्टी योग्यता नेपाल राष्ट्र बैंक खुला बजार कारोबार नियमावलीमा भएको व्यवस्थाबमोजिम हुनेछ ।** |
| २८ | इ.प्रा निर्देशन नं. २१/०८० को बुँदा नं. १७ को (३) मा संशोधन । | (३) यसै निर्देशनको बुँदा नं. १३ को खण्ड (ङ) अनुसार यस बैंकबाट इजाजतपत्रप्राप्त बाणिज्य बैंकसँग सम्बद्धता कायम गरी सम्झौता गरेर सहायक एजेण्टको रुपमा यस्तो कार्य गर्न बाधा पर्नेछैन । | (३) यसै निर्देशनको **बुँदा नं. ११ को खण्ड (ङ)** अनुसार यस बैंकबाट इजाजतपत्रप्राप्त बाणिज्य बैंकसँग सम्बद्धता कायम गरी सम्झौता गरेर सहायक एजेण्टको रुपमा यस्तो कार्य गर्न बाधा पर्नेछैन । |
| २९ | इ.प्रा निर्देशन नं. २१/०८० को बुँदा २२ को (क) को (१) मा संशोधन । | (१) विदेशी संयुक्त लगानीमा सञ्चालित बैंक तथा वित्तीय संस्थाहरुले विदेशी लगानीकर्ता (Joint Venture Partner) सँग प्राविधिक सेवा सम्झौता (Technical Service Agreement, TSA) गरी प्रविधि हस्तान्तरण गर्दा 'विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९' बमोजिम स्वीकृति लिनुपर्ने कानुनी व्यवस्था रहेकोले सो व्यवस्थाको परिपालना गर्नु पर्नेछ । | (१) विदेशी संयुक्त लगानीमा सञ्चालित बैंक तथा वित्तीय संस्थाहरुले विदेशी लगानीकर्ता (Joint Venture Partner) सँग प्राविधिक सेवा सम्झौता (Technical Service Agreement, TSA) गरी प्रविधि हस्तान्तरण गर्दा **'विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५'** बमोजिम स्वीकृति लिनुपर्ने कानुनी व्यवस्था रहेकोले सो व्यवस्थाको परिपालना गर्नु पर्नेछ । |
| ३० | इ.प्रा निर्देशन नं. २१/०८० को बुँदा २२ को (क) को (५) मा संशोधन । | (५) प्राविधिक सेवा सम्झौताको अवधि ५ वर्षको हुनेछ र सोलाई नवीकरण गर्न सकिनेछ । सो सम्झौता अन्तर्गत व्यवस्थापन सेवामा नियुक्त भई आउने गैर नेपाली नागरिकको सेवा अवधि ३ वर्ष भन्दा बढी हुने छैन । निजको पारिश्रमिक | (५) प्राविधिक सेवा सम्झौताको अवधि ५ वर्षको हुनेछ र सोलाई नवीकरण गर्न सकिनेछ । सो सम्झौता अन्तर्गत व्यवस्थापन सेवामा नियुक्त भई आउने गैर नेपाली नागरिकको सेवा **अवधि ४ वर्ष** भन्दा बढी हुने छैन । निजको पारिश्रमिक प्राविधिक सेवा शुल्कबाट व्यहोर्न |

**यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा संशोधन/परिमार्जन/थप**

| | | | |
|---|---|---|---|
| | | प्राविधिक सेवा शुल्कबाट व्यहोर्न सकिनेछ । सम्बन्धित इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाले नै निजको पारिश्रमिक व्यहोर्ने सम्झौता भएमा विद्यमान व्यवस्था अनुरुप हुने गरी तय गर्नु पर्नेछ । | सकिनेछ । सम्बन्धित इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाले नै निजको पारिश्रमिक व्यहोर्ने सम्झौता भएमा विद्यमान व्यवस्था अनुरुप हुने गरी तय गर्नु पर्नेछ । |
| ३१ | इ.प्रा निर्देशन नं. २१/०८० को बुँदा २५ को (क) मा संशोधन । | (क) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ र ५० मा भएको व्यवस्था अनुसार इजाजतपत्रप्राप्त "क", "ख", "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंक, पुनरकर्जा कार्यविधि, २०७७ मा उल्लेखित व्यवस्थाको अधिनमा रही लघु, घरेलु तथा साना उद्यम पुनरकर्जा, विशेष पुनरकर्जा र साधारण पुनरकर्जा सुविधा उपलब्ध गराइनेछ । | (क) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ र दफा ५० मा भएको व्यवस्था अनुसार इजाजतपत्रप्राप्त "क", "ख", "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंक, पुनरकर्जा कार्यविधि, २०७७ मा **उल्लिखित व्यवस्थाको अधिनमा रही पुनरकर्जा** सुविधा उपलब्ध गराइनेछ । |
| ३२ | इ.प्रा. निर्देशन नं. २१/०८० को बुँदा नं. २८ मा संशोधन । | **खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशन वेबसाइटबाट हेरी गर्ने/गराउने सम्बन्धमा**<br><br>इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थामा रहेका व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाको खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशनलाई यस बैंकको वेबसाइट **http://acstatus.nrb.org.np** मा राखिने व्यवस्था रहेको छ । उक्त वेबसाइटमा राखिने सूचना/निर्देशनमा बैंक/वित्तीय संस्थाहरुको पहुँचका लागि User ID र Password बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्रदान गर्ने व्यवस्था भएकोले सम्बन्धित संस्थाले त्यस्तो User ID र Password लिई यस बैंकको वेबसाइटको उक्त ठेगानामा राखिने सूचना/निर्देशनलाई आधिकारिक मानी वेबसाइटमा राखिएकै दिन संलग्न पत्रानुसारको काम कारबाही सम्पादन गरी सो को विवरण सम्बन्धित निकायमा पठाउनु पर्ने छ । खाता रोक्का गर्दा सम्बन्धित व्यक्ति /फर्म/ कम्पनीको सम्पूर्ण खाताहरु रोक्का गर्नुपर्नेछ । तर कुनै वा केही खातामात्र रोक्का गर्न तोकिएको हकमा सोही खातामात्र रोक्का गर्नुपर्ने छ । सो सम्बन्धमा फ्याक्स तथा पत्राचार नगरिने र वेबसाइटमा भएको सूचनामा संलग्न अनुसारको कामकारवाही सोहीदिन सम्पादन नभएमा सम्बन्धित बैंक/वित्तीय संस्था तथा जिम्मेवार अधिकारी जवाफदेही हुने छन् ।<br>साथै, खाता रोक्का/फुकुवा सम्बन्धी कार्य सम्पन्न भएपछि सोको | **खाता रोक्का/फुकुवा सम्बन्धमा**<br><br>**(क) खाता रोक्का तथा फुकुवा सम्बन्धमा "बैंक खाता रोक्का तथा फुकुवासम्बन्धी विनियमावली, २०८१" को व्यवस्थाबमोजिम गर्नुपर्नेछ ।**<br><br>(ख) इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थामा रहेका व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाको खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशनलाई यस बैंकको वेबसाइट **http://acstatus.nrb.org.np** मा राखिने व्यवस्था रहेको छ । उक्त वेबसाइटमा राखिने सूचना/निर्देशनमा बैंक/वित्तीय संस्थाहरुको पहुँचका लागि User ID र Password बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्रदान गर्ने व्यवस्था भएकोले सम्बन्धित संस्थाले त्यस्तो User ID र Password लिई यस बैंकको वेबसाइटको उक्त ठेगानामा राखिने सूचना/निर्देशनलाई आधिकारिक मानी संलग्नपत्रानुसारको काम कारबाही सम्पादन गरी सो को विवरण सम्बन्धित निकायमा पठाउनु पर्ने छ । सो सम्बन्धमा फ्याक्स तथा पत्राचार नगरिने र वेबसाइटमा भएको सूचनामा संलग्न अनुसारको कामकारवाही सम्पादन नभएमा सम्बन्धित बैंक/वित्तीय संस्था तथा जिम्मेवार अधिकारी जवाफदेही हुने छन् ।<br>साथै, खाता रोक्का/फुकुवा सम्बन्धी कार्य सम्पन्न भएपछि सोको तथ्याङ्क/जानकारी SIS को NRB31- Account Blocked and Released Details बमोजिमको ढाँचामा सोको तथ्याङ्क/जानकारी SIS मार्फत पठाउनु पर्ने छ । |

| | | | |
|---|---|---|---|
| | | तथ्याङ्क/जानकारी SIS को NRB31- Account Blocked and Released Details बमोजिमको ढाँचामा सोको तथ्याङ्क/जानकारी SIS मार्फत पठाउनु पर्ने छ। | |
| ३३ | इ.प्रा.निर्देशन नं. २१/०८० को बुँदा नं. ४२ मा थप गरिएको। | हाल नरहेको | **इजाजतपत्रप्राप्त संस्थाले ग्राहकले माग गरेको खण्डमा Banker's Cheque/Manager's Cheque समेत जारी गर्न सक्नेछन्।** |
| ३४ | Capital Adequacy Framework 2007 (Updated July 2008) 2.3 ELEMENTS OF TIER 2 CAPITAL को बुँदा d मा संशोधन। | d.General loan loss provision limited to a maximum of 1.25% of total Risk Weighted Exposures. General loan loss provision refers to the provisions created in respect of Performing Loans only and it does not include provisions of rescheduled/restructured and classified loans. The additional loan loss provisions created in respect of Personal Guarantee loans, third party collateral loan and loans in excess of Single Obligor Limits are specific provisions and hence cannot be included under this category. Such provisions however can be deducted from the gross exposures while calculating risk weighted exposures for credit risk.<br><br>However, provisions created in excess of the regulatory requirements or provisions not attributable to identifiable losses in any specific loans shall be allowed to be included in the General Loan Loss Provision and shall be eligible for Tier II capital subject to a maximum of 1.25% of total risk weighted exposures.<br><br>However, from fiscal year 2020/21, the limit of general loan loss provision is set to a maximum of 1.65% of total Risk Weighted Exposures. | d.General loan loss provision limited to a maximum of 1.25% of total Risk Weighted Exposures. General loan loss provision refers to the provisions created in respect of Performing Loans only and it does not include provisions of rescheduled/restructured and classified loans. The additional loan loss provisions created in respect of Personal Guarantee loans, third party collateral loan and loans in excess of Single Obligor Limits are specific provisions and hence cannot be included under this category. Such provisions however can be deducted from the gross exposures while calculating risk weighted exposures for credit risk.<br><br>However, provisions created in excess of the regulatory requirements or provisions not attributable to identifiable losses in any specific loans shall be allowed to be included in the General Loan Loss Provision and shall be eligible for Tier II capital subject to a maximum of 1.25% of total risk weighted exposures. |

<table>
<tr>
<td>३५</td>
<td>Capital Adequacy Framework 2015 को FORM NO. 1 CAPITAL ADEQUACY TABLE को Supplementary Capital (Tier II) अन्तर्गत h र i थप गरी क्रमसंख्या मिलान गरिएको ।</td>
<td>
<table>
<tr><th colspan="2">Supplementary Capital (Tier II)</th></tr>
<tr><td>a</td><td>Cumulative and/or Redeemable Preference Share</td></tr>
<tr><td>b</td><td>Subordinated Term Debt</td></tr>
<tr><td>c</td><td>Hybrid Capital Instruments</td></tr>
<tr><td>d</td><td>Stock Premium</td></tr>
<tr><td>e</td><td>General Loan Loss Provision</td></tr>
<tr><td>f</td><td>Exchange Equalization Reserve</td></tr>
<tr><td>g</td><td>Investment Adjustment Reserve</td></tr>
<tr><td>h</td><td>Other Reserves</td></tr>
</table>
</td>
<td>
<table>
<tr><th colspan="2">Supplementary Capital (Tier II)</th></tr>
<tr><td>a</td><td>Cumulative and/or Redeemable Preference Share</td></tr>
<tr><td>b</td><td>Subordinated Term Debt</td></tr>
<tr><td>c</td><td>Hybrid Capital Instruments</td></tr>
<tr><td>d</td><td>Stock Premium</td></tr>
<tr><td>e</td><td>General Loan Loss Provision</td></tr>
<tr><td>f</td><td>Exchange Equalization Reserve</td></tr>
<tr><td>g</td><td>Investment Adjustment Reserve</td></tr>
<tr><td>h</td><td>Accrued Interest Receivable on pass loan included in Regulatory Reserve</td></tr>
<tr><td>i</td><td>Interest Capitalized Reserve included in Regulatory Reserve</td></tr>
<tr><td>j</td><td>Other Reserves</td></tr>
</table>
</td>
</tr>
</table>

<table>
<tr>
<td>३६</td>
<td>Capital Adequacy Framework 2007 (Updated July 2008) को FORM NO. 1 CAPITAL ADEQUACY TABLE को Supplementary Capital (Tier II) अन्तर्गत g र h थप गरी क्रमसंख्या मिलान गरिएको ।</td>
<td>
<table>
<tr><th colspan="2">Supplementary Capital (Tier II)</th></tr>
<tr><td>a</td><td>Cumulative and/or Redeemable Preference Share</td></tr>
<tr><td>b</td><td>Subordinated Term Debt</td></tr>
<tr><td>c</td><td>Hybrid Capital Instruments</td></tr>
<tr><td>d</td><td>General Loan Loss Provision</td></tr>
<tr><td>e</td><td>Exchange Equalization Reserve</td></tr>
<tr><td>f</td><td>Investment Adjustment Reserve</td></tr>
<tr><td>g</td><td>Other Reserves</td></tr>
</table>
</td>
<td>
<table>
<tr><th colspan="2">Supplementary Capital (Tier II)</th></tr>
<tr><td>a</td><td>Cumulative and/or Redeemable Preference Share</td></tr>
<tr><td>b</td><td>Subordinated Term Debt</td></tr>
<tr><td>c</td><td>Hybrid Capital Instruments</td></tr>
<tr><td>d</td><td>General Loan Loss Provision</td></tr>
<tr><td>e</td><td>Exchange Equalization Reserve</td></tr>
<tr><td>f</td><td>Investment Adjustment Reserve</td></tr>
<tr><td>g</td><td>Accrued Interest Receivable on pass loan included in Regulatory Reserve</td></tr>
<tr><td>h</td><td>Interest Capitalized Reserve included in Regulatory Reserve</td></tr>
<tr><td>i</td><td>Other Reserves</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>३७</td>
<td>इ.प्रा. निर्देशन नं. ४ सँग सम्बन्धित अनुसूचीको Format of Interim Financial Statements को Ratios as per NRB Directive मा थप गरिएको ।</td>
<td>हाल नरहेको</td>
<td>
<table>
<tr><th>Particulars</th></tr>
<tr><td>Tier 1 Capital to RWA</td></tr>
<tr><td>CET 1 Capital to RWA</td></tr>
<tr><td>Return on Equity</td></tr>
<tr><td>Return on Assets</td></tr>
</table>
स्पष्टीकरण: Return on Equity तथा Return on Assets को विवरण बार्षिक रुपमा प्रकाशन गर्नुपर्ने छ । साथै उक्त अनुपातहरुको गणना गर्दा अन्तरिम अवधिको सुरु तथा अन्तिम अवधिको औसत मौज्दातमा गर्नुपर्ने छ ।
</td>
</tr>
</table>

<table>
<tr>
<td>३८</td>
<td>इ.प्रा. निर्देशन नं. ४ सँग सम्बन्धित अनुसूची Disclosure & Additional Information मा 5.11 Classification of Loans, Advances & Bill Purchase and Provisioning थप गरी क्रमसंख्या मिलान गरिएको ।</td>
<td>हाल नरहेको</td>
<td>
5.11 Classification of Loans, Advances & Bill Purchase and Provisioning<br>
FY…………… End<br>
(Amount in Million)
<table>
<tr><th rowspan="2">Particulars</th><th colspan="2">Current Year</th><th colspan="2">Previous Year</th></tr>
<tr><th>Total Loan and Advances</th><th>Provisions</th><th>Total Loan and Advances</th><th>Provisions</th></tr>
<tr><td>1. Performing Loan and Advances</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>1.1 Pass Loan</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>1.1.1 Pass Loan (other than Restructured/Rescheduled Covid Related)</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>1.1.2 Pass Loan (Restructured/Rescheduled Covid Related)</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>1.2 Watch List</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>2. Non-Performing Loan and Advances</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>2.1 Restructured / Rescheduled</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>2.2 Sub-standard</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>2.3 Doubtful</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>2.4 Loss</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>3. Total Loan and Advances (1+2)</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>4. Staff Loans</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>5. Accrued Interest</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>6. Grand Total (3 + 4 + 5)</td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td>
</tr>
</table>

| | | | |
|---|---|---|---|
| ३९ | इ.प्रा. निर्देशन नं. ४ सँग सम्बन्धित अनुसूची Disclosure & Additional Information मा 5.12 Statement of Principal Indicators (last 5 Fiscal Years) थप गरी क्रमसंख्या मिलान गरिएको । | हाल नरहेको | 5.12 Statement of Principal Indicators (last 5 Fiscal Years) (see table below) |

5.12 Statement of Principal Indicators (last 5 Fiscal Years)

| Indicators | Unit | FY….. | FY….. | FY….. | FY….. | FY…. |
|---|---|---|---|---|---|---|
| Core Capital | NPR | | | | | |
| Supplementary Capital | NPR | | | | | |
| Total Capital Fund | NPR | | | | | |
| Risk Weighted Exposure | NPR | | | | | |
| Earning Per Share (Average share outstanding) | NPR | | | | | |
| Market Value Per Share | NPR | | | | | |
| Book Net Worth Per Share | NPR | | | | | |
| Number of Promotor Equity Shares | Nos. | | | | | |
| Number of Public Equity Shares | Nos. | | | | | |
| Number of Permanent Staffs | Nos. | | | | | |
| Price Earning Ratio | Times | | | | | |
| Dividend (including bonus) on Share Capital | Percent | | | | | |
| Cash Dividend on Share Capital | Percent | | | | | |
| Net Profit / Gross Income | Percent | | | | | |
| Net Profit / Loans and Advances | Percent | | | | | |
| Return on Total Assets | Percent | | | | | |
| Return on Equity | Percent | | | | | |
| Interest Income / Loans and Advances | Percent | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | Exchange Gain / Total Income | Percent | | | | | |
| | | | Interest Expenses / Total Deposits and Borrowings | Percent | | | | | |
| | | | Total Operating Expenses / Total Assets | Percent | | | | | |
| | | | Staff Expenses / Total Operating Expenses | Percent | | | | | |
| | | | Staff Bonus / Total Staff Expenses | Percent | | | | | |
| | | | Total Credit / Deposits | Percent | | | | | |
| | | | Non-Performing Loans / Total Loans | Percent | | | | | |
| | | | Net NPL | Percent | | | | | |
| | | | Base Rate | Percent | | | | | |
| | | | Weighted Average Interest Rate Spread | Percent | | | | | |